# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np


## सातौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७६।०८।१४ गते बसेको ३९औं बैठकको निर्णयानुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम उक्त सभामा शेयरधनी महानुभावको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**सभाहुने मिति** : २०७६ साल पुष महिना २८ गते सोमबार ।
**सभा शुरु हुने समय** : बिहान १०:०० बजे।
**सभाहुने स्थान** : अम्रपाली ब्यांक्वेट क्याटरिङ्ग एण्ड इभेन्ट, भाटभटेनी, काठमाण्डौ ।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको आ.ब. २०७५/७६ को बार्षिक प्रतिवेदन पारित गर्ने।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा मिति २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्मको नाफा/नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने।
३. आर्थिक बर्ष २०७६/०७७ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।

**ख. विविध सम्बन्धमा।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. साधारण सभा प्रयोजनकालागि कम्पनीको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७६/०९/१४ र १५ गते २ दिन बन्द रहनेछ। दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द हुनुभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०७६/०९/१३ गतेसम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई दाखिल खारेज बन्द भएको मितिले ५ (पाँच) कार्य दिनभित्र शेयर नामसारी भई कायम भएका शेयरधनीहरुले उक्त साधारण सभामा भाग लिन र मतदान गर्न पाउने व्यहोरा अनुरोध छ।
२ कम्पनीको साधारण सभाको सूचना, बार्षिक प्रतिवेदन, वित्तिय विवरण आदि शेयरधनी महानुभावहरुले कम्पनीको वेवसाईट www.hpp.com.np मा हेर्न सक्नु हुनेछ।
३. प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः वदर हुनेछ।
४. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरि प्रोक्सी दिएमा सम्पूर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ।
५. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लागत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
६ सभामा भाग लिने प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका दिनको ९:०० बजेदेखि सभा समय सम्म खुल्ला रहनेछ।